फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्ड : १ संख्या : ३४ मितिः २०७५/०६/२१

**भाग-१**

**फलेवास नगर कार्यपालिका**

## फलेवास नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७५

**सभावाट पारित मिति : २०७५/०२/२४**

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले फलेवास नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यो ऐनको नाम फलेवास नगरपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन फलेवास नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हनेछ ।

२. **परिभाषा :**

(१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले फलेवास नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "नगर कार्यपालिका" भन्नाले फलेवास नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "सभा" भन्नाले नेपालको संविधान वमोजिम गठित नगरसभा सम्झनु पर्छ ।

(घ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार :**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नका निमित्त फलेवास नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने :**

(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही फलेवास नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागु गर्न सक्नेछ । नगरकार्यपालिकाले यस भन्दा अगाडी वनाई कार्यान्वयन गरेका निर्देशिका, कार्यविधि र मापदण्ड यसै ऐन वमोजिम भएको मानिनेछ ।

आज्ञाले,

मोतीराम सापकोटा

प्रमुख प्रशासकीय अधिकृत